बैठक संख्याः १/०७८

मितिः २०७८/०१/०५ आइतबार

निर्णयहरू:

| सि. नं. | निर्णय | समयावधी | जिम्मेवार पदाधिकारी | सहयोगी निकाय/पदाधिकारी | अन्य विषय |
|---|---|---|---|---|---|
| १. | विगतमा भएका सचिव बैठकका निर्णयहरु क्रमशः कार्यान्वयन भइरहेको पाइयो। ती निर्णयहरु थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तथा सो सम्बन्धमा भएका प्रगतिहरु बस्तुगत रुपमा आगामी सचिव बैठकमा पेश गर्ने। | तत्काल कार्यान्वयन गर्ने | सबै मन्त्रालयका सचिवज्यू | मु.म. तथा म.प.का बैठक तथा प्रशासन महाशाखा सचिवज्यू | |
| २. | विश्वभर फैलदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण नियन्त्रण गर्ने सम्बन्धमा सबै मन्त्रालयहरुले नेपाल सरकार तथा प्रदेश सरकारले समय समयमा जारी गरेका स्वास्थ्य नीति, निर्णय एवं मापदण्ड पालना गर्ने तथा आफू मातहतका निकायमा समेत पालना गर्न पत्राचार गर्ने। | तत्काल कार्यान्वयन गर्ने | सबै मन्त्रालयका सचिवज्यू | सामाजिक विकास मन्त्रालय तथा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवज्यू | |
| ३. | आगामी आ.व. को नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा विषयगत मन्त्रालयहरुले प्रदेश सरकाको राजश्व वृद्धिमा सहयोग पुऱ्याउने प्रकारका नीतिमा जोड दिने तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नीतिसंग सामञ्जस्य हुने गरी निर्माण गर्ने। | कार्य प्रारम्भ गर्ने | सबै मन्त्रालयका सचिवज्यू | प्रमुख सचिवज्यू | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | प्रदेश नं. १ मा क्रियाशिल PLGSP तथा PSP का कार्यक्रमहरुमा त्यस्ता कार्यक्रमहरुसंग समन्वय गरी दोहोरो नपर्ने गरी आफ्ना कार्यक्रमहरु तर्जुमा गर्ने व्यवस्था मिलाउने। | तत्काल कार्यान्वयन गर्ने | सबै मन्त्रालयका सचिवज्यू | शासकीय सुधार तथा समन्वय महाशाखाका सचिवज्यू, मु.म. तथा म.प.का | |
| ५. | प्रदेश समन्वय परिषद्को आगामी बैठकका लागि पूर्व तयारी गर्ने। | तत्काल कार्यान्वयन गर्ने | शासकीय सुधार तथा समन्वय महाशाखाका सचिवज्यू, मु.म. तथा म.प.का | प्रमुख सचिवज्यू तथा सबै मन्त्रालयका सचिवज्यू | |
| ६ | Digital Province No. 1 को अवधारणा कार्यान्वयनमा ल्याउनका लागि OCMCM बाट तयार भएको Office Automation System को Package सबै मन्त्रालयहरुको प्रणालीमा प्रविष्ट गराई कार्यान्वयनमा ल्याउने । | १५ दिन भित्रमा | मु.म. तथा म.प.का बैठक तथा प्रशासन महाशाखा सचिवज्यू | सबै मन्त्रालयका सचिवज्यू | |
| ७ | प्रदेश नं. १ को बजेट श्रोतको सिमिततालाई ध्यानमा राखी बजेट तर्जुमा गर्नु पर्ने यथार्थ अवस्थालाई ध्यानमा राखुपर्ने भएकाले संघीय सरकार र दातृ पक्षहरुबाट भएका वा हुने क्रममा रहेका सम्झौताहरु समेतलाई ध्यानमा राखेर प्राप्त हुन सक्ने श्रोतको आँकलन गरी बजेट तर्जुमा गर्ने गरी सबै मन्त्रालयहरुले ध्यान दिने । | तत्काल | सबै सचिवज्यूहरु | आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवज्यू | |
| ८ | नेपालको संविधानको अधिकार बाँडफाँडको सूचीका आधारमा प्रदेशको एकल अधिकार तथा | कार्यप्रारम्भ गर्ने | सबै मन्त्रालयका सचिवज्यूहरु | कानून सचिवज्यू, मु.म तथा म.प.का | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रदेश र स्थानीयको साझा अधिकार सूचीमा उल्लेख भएका विषयहरुमा सम्बन्धित मन्त्रालयबाट उठान गरी विधेयक तर्जुमाका लागि प्रस्ताव पठाउने । | | | | |
| ९ | प्रदेश नं. १ को वन क्षेत्र तथा जैविक विविधताका दृष्टिकोणले महत्वपूर्ण सुनसरी, उदयपुर, सप्तरी, मोरङ्ग लगायतका जिल्लाहरुमा रहेको चारकोषे झाडी लगायतका वन क्षेत्रकरुलाई राष्ट्रिय निकुञ्जको रुपमा रुपान्तरण गर्न आवश्यक छ छैन? सो अध्ययन गरी आवश्यक देखिएका आगामी आ.व. को नीति तथा कार्यक्रममा समावेश गर्ने गरी सम्बन्धित मन्त्रालयले पहल गर्ने । | कार्यप्रारम्भ गर्ने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिवज्यू | कानून सचिवज्यू, मु.म तथा म.प.का | |
| १० | प्रदेश नं. १ मा प्रचलित प्रदेश नं.१ सरकारको कार्यविभाजन नियमावलीको कार्यक्षेत्रका विषयमा अध्ययन विश्लेषण गरी सुझाव पेश गर्न एक कार्यदल गठन गरी सिफारिस प्राप्त गर्ने । | १५ दिन भित्रमा | प्रमुख सचिवज्यू | सबै मन्त्रालयका सचिवज्यूहरु | |
| ११ | प्रदेश नं. १ अन्तरगतका विभिन्न निकायहरुमा गठन हुने बोर्ड/समितिमा अध्यक्ष/संयोजक/सदस्यको भूमिकामा रहने पदाधिकारीहरुको सूची अद्यावधिक गरी आवश्यकता र औचित्यका आधारमा | १५ दिन भित्रमा | प्रमुख सचिवज्यू | सबै मन्त्रालयका सचिवज्यूहरु | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पुनरावलोकनगरी कार्यदल गठन गरी सिफारिस प्राप्त गर्ने । | | | | |
| १२ | प्रदेश सरकारको वा प्रदेश मन्त्रालयको तर्फबाट द्विपक्षीय/बहुपक्षीय वा अन्य कुनै निकायबीचमा हुने सञ्चार, भेटघाट, अन्तरक्रिया, कार्यक्रम, सम्झौता, समझदारी पत्र वा उपस्थितीमा आवश्यकता र औचित्यका आधारमा Standard Protocol पालना गर्ने /गराउने विषयमा सबै मन्त्रालयका सचिवहरु सजग रहने । यस विषयमा प्राप्त हुने र सम्प्रेषण गरिने पत्राचार वा कागजात अध्ययन/लेखनमा समेत विशेष ध्यान दिने। | कार्यान्वयन प्रारम्भ गर्ने | सबै मन्त्रालयका सचिवज्यूहरु | कानून सचिवज्यू, मु.म तथा म.प.का | |